# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असोज १ गते २०५९ साल (अतिरिक्ताङ्क ४४

## भाग ३

### अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना

यस आयोगको मिति २०५९।५।३१ को निर्णयानुसार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम यस आयोगलाई प्राप्त अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी सार्वजनिक पद धारण गरेका कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा आयोगलाई प्राप्त अधिकार निम्न शर्तहरूका अधीनमा रही देहायका पदाधिकारीलाई सुम्पिएको छ। सुम्पिएको अधिकार बमोजिम आ-आफ्नो क्षेत्रभित्र अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको विषयमा अनुसन्धान र तहकिकात एवं निर्णय गर्न सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासन कार्यालयका क्षेत्रीय प्रशासक र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी (दुवैलाई यसपछि "अनुसन्धान अधिकृत" भनिएको) तथा सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकील तथा जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीललाई अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिमको अधिकार सुम्पिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. <u>क्षेत्रीय प्रशासकले कारवाई गर्न सक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरू :</u>

(क) प्रमुख जिल्ला अधिकारीबाहेक आफ्नो क्षेत्रभित्रका जिल्ला प्रशासन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६९

कार्यालयका अन्य कर्मचारी र सरकारी सेवाका राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको दर्जामा कार्यरत कर्मचारीहरू ।

(ख) आफ्नोक्षेत्र भित्रका श्री ५ को सरकारद्वारा संचालित वा श्री ५ को सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्थामा सह-प्राध्यापक (रीडर) वा सो सरहको पदमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरू ।

(ग) आफ्नो क्षेत्रभित्रका श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड ,केन्द्र परिषद् वा यस्तै प्रकृतिका अन्य संगठित संस्थाका दशौं तह वा सो सरहको पदमा कार्यरत पदाधिकारी र कर्मचारीहरू ।

(घ) माथि उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले गरेको अख्तियारको दुरुपयोगको कसूरसँग संलग्न अन्य कर्मचारी तथा व्यक्तिहरू ।

२. <u>प्रमुख जिल्ला अधिकारीले कारवाई गर्न सक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरू :</u>

(क) जिल्ला प्रशासन कार्यालयका बाहेक सरकारी सेवाका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह र सोभन्दा तल्लो दर्जामा कार्यरत कर्मचारीहरू ।

(ख) जिल्ला विकास समितिका सभापति, उप-सभापति, सदस्यहरू एवं महानगरपालिका, उप-महानगरपालिका, नगरपालिकाका मेयर, उपमेयर बाहेक जिल्लास्थित स्थानीय निकायका पदाधिकारी, सदस्यहरू, कर्मचारीहरू तथा सो निकायमा कुनै लाभको पद धारणगर्ने व्यक्तिहरु ।

(ग) आफनो क्षेत्रभित्रका श्री ५ को सरकारद्वारा संचालित वा श्री ५ को सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्थाका सह प्राध्यापक (रीडर) वा सो सरहका पदभन्दा तल्लो तहमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरु ।

(घ) आफ्नो क्षेत्रभित्रका श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्थाका दशौं तह वा सो सरहको पदभन्दा तल्लो तहमा कार्यरत पदाधिकारी र कर्मचारीहरू ।

(ङ) माथि उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको अख्तियारको दुरुपयोगको कसूरसँग संलग्न अन्य कर्मचारी तथा व्यक्तिहरू ।

३. प्रत्यायोजित अधिकार प्रयोग गर्ने अनुसन्धान अधिकृत तथा सरकारी वकीलले पालन गर्नुपर्ने शर्तहरू :

(क) नेपाल अधिराज्यको संविधान २०४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र प्रचलित कानूनहरू तथा आयोगबाट निर्धारित कार्य विधिको पालना गर्नु पर्नेछ ।

(ख) आफ्नो क्षेत्राधिकारभित्र नपर्ने उजूरी पर्न आएमा वा आफूले कारबाही गर्न तोकिएको पदाधिकारी भन्दा माथिल्लो पदाधिकारी समेत समावेश भएको देखिन आएमा सम्बन्धित निकाय वा पदाधिकारी कहाँ पठाउनु पर्नेछ ।

(ग) कुनै उजूरीको अनुसन्धान र तहकिकात आयोगबाटै हुन उपयुक्त देखिएमा कारण सहित आयोग समक्ष लेखि पठाई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

(घ) अनुसन्धानको सिलसिलामा सम्बन्धित अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकीलसँग आवश्यकतानुसार राय सल्लाह लिन सक्नेछ ।

(ङ) अनुसन्धानको कार्य समाप्त भएपछि अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकील समक्ष कारवाही गर्न खोजिएको प्रस्तावित राय सहित सक्कल मिसिल पठाउनु पर्नेछ ।

(च) यसरी अनुसन्धान अधिकृतले प्रस्तावित राय सहितको सक्कल मिसिल पठाउँदा र सरकारी वकीलले आफ्नो राय पठाउँदा अभियुक्तहरू थुनामा भए निजहरूको थुनाको म्याद र हदम्याद समेतलाई ध्यानमा राखी पठाउनु पर्नेछ ।

(छ) अनुसन्धान अधिकृतबाट प्राप्त सक्कल मिसिल अध्ययन गरी सरकारी वकीलले भ्रष्टाचारमा मुद्दा चलाउने गरी राय दिएमा अनुसन्धान अधिकृतलेप्रस्तावित अभियोगपत्रको मसौदा तयार गरी सक्कल मिसिल निर्णयार्थ आयोग समक्ष पठाउनु पर्नेछ ।

(ज) भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान अधिकृतले मुद्दा नचलाउने गरी पठाएको प्रस्तावित रायमा सम्बन्धित सकारी वकील सहमत भएमा अनुसन्धान अधिकृतले सो कारवाही तामेलीमा राख्नेछ । अनुसन्धान अधिकृतको प्रस्तावित रायमा सरकारी वकील सहमत नभई फरक राय भएमा अनुसन्धान अधिकृतले सक्कल मिसिल निर्णयका लागि आयोग समक्ष पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) अनुचित कार्यका सम्बन्धमा अनुसन्धान अधिकृतले व्यक्त गरेको रायमा सम्बन्धित सरकारी वकील सहमत भएमा सम्बन्धित अनुसन्धान अधिकृतले आवश्यक निर्णय गर्नेछ र सहमत नभएमा निर्णयका लागि सक्कल मिसिल आयोग समक्ष पठाउनु पर्नेछ ।

(ञ) अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा राय मागेपछि वा कारबाहीको लागि प्रस्तावित राय पठाएपछि सम्बन्धित सकारी वकीलले थप अनुसन्धान तहकिकात गर्नु पर्ने वा कुनै व्यक्ति बुझ्नु पर्ने देखेमा सम्बन्धित अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ । सरकारी वकीलबाट प्राप्त निर्देशन पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकृतको कर्तव्य हुनेछ ।

(ट) यस सूचनाको कुनै दफा बमोजिम अनुसन्धान अधिकृतलाई सुम्पिएको अधिकार अन्तरगतको कुनै कारवाई आयोगबाटै गर्न वा त्यस्तो अधिकार अन्य कुनै कर्मचारीलाई सुम्पन तथा आयोगमा परेको कुनै पनि उजूरी आयोगबाटै अनुसन्धान गर्न वा अन्य कर्मचारीलाई सुम्पन यस सूचनाको कुनै प्रावधानले वाधा पुऱ्याएको मानिने छैन । त्यसरी आयोगबाटै कारवाही गरेको वा अन्य कर्मचारीलाई अधिकार सुम्पेको सूचना सम्बन्धित अनुसन्धान अधिकृतलाई दिइनेछ ।

<u>स्पष्टिकरण</u> : यस प्रकरणको प्रयोजनका लागि सम्बन्धित सरकारी वकील भन्नाले प्रमुख जिल्ला अधिकारीको हकमा जिल्ला सरकारी वकील कार्यालयका जिल्ला सरकारी वकील र क्षेत्रीय प्रशासकको हकमा क्षेत्रीय प्रशासन कार्यालय मुकाम रहेको स्थानको पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकीललाई जनाउँछ ।

४. <u>मुद्दा सर्ने:</u> खण्ड ४७, संख्या ४६ मिति २०५४ फागुन १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना बमोजिमको क्षेत्राधिकारभित्र रही अनुसन्धान भैरहेका उजूरी एवं कागजात यस सूचना बमोजिमको अधिकार प्राप्त अधिकारी समक्ष सर्नेछ ।

५. <u>सूचनाको खारेजी र त्यसको परिणाम</u> : खण्ड ४७, संख्या ४६ मिति २०५४ फागुन १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना खारेज गरिएको छ र त्यस सूचनाबाट भए गरेको काम कारबाही यसै सूचना बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

खेमराज नेपाल

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।